# सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

प.सं. २०८०/०८१
च.नं. १४२

मितिः२०८०/०४/२९

विषय : निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री सवै शाखा/उपशाखा/केन्द्र/इकाई/वडा कार्यालयहरु,
सुनिलस्मृति गाउँपालिका, रोल्पा ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको मिति २०८०।०४।२१ गते वसेको आ.व. २०८०।०८१ को पहिलो कार्यपालिका वैठकको निर्णय यसै पत्रसाथ संलग्न राखि पठाइएको छ । तत् तत् निर्णयहरु सम्वन्धित शाखा/उपशाखा/केन्द्र/इकाई/वडा कार्यालयहरुबाट कार्यान्वयन गर्नु/गराउनुहुन जानकारी गराईन्छ ।

(दिनेश पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

**अवगार्थ :**
श्रीमान् गाउँपालिका अध्यक्षज्यू,
श्रीमान् गाउँपालिका उपाध्यक्षज्यू,
**बोधार्थ :**
**श्री सूचना प्रविधि शाखा** : वेवसाइटमा अपलोड गर्नुहुन तथा सवै निकायहरुमा E-mail गरिदिनुहुन ।


ईमेलः info@sunilsmritimun.gov.np, chairman@sunilsmritimun.gov.np वेवसाइटः sunilsmritimun.gov.np फोन नं:०८६४०११५२।७०

आज मिति २०८० साल श्रावण २१ गते विहान ११ : ०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम वुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०८०/०८१ को पहिलो गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती :

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम वुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री ओविलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | रिता |
| १२ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १३ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १४ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १५ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १६ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १७ | श्री दिनेश पौडेल | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |

सहयोगी कर्मचारीहरु

| | | | |
|---|---|---|---|
| १ | रनविर वुढा | प्रशासन शाखा प्रमुख | |
| २ | भुपेन्द्र खड्का | आर्थिक लेखा परिक्षक | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |
| ४ | गन बहादुर थापा | कार्यालय सहयोगी | |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

## पहिलो गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

मणिराम बुढाथोकी
अध्यक्ष

१) आ.व. २०७९/०८० को कार्य प्रगतिको समिक्षा सम्बन्धमा ।
२) दोश्रो पञ्चवर्षिय योजना निर्माण सम्बन्धमा ।
३) नदिजन्य पदार्थ उत्खनन् सम्बन्धमा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) गर्ने सम्बन्धमा ।
४) मध्यकालिन खर्च संरचना (MTEF) तयार गर्ने कार्यक्रम स्वीकृत सम्बन्धमा ।
५) घरजग्गा अभिलेखिकरणको बाधा अड्काउ फुकाउ सम्बन्धमा ।
६) स्थानीय पाठ्यक्रम स्वीकृत सम्बन्धमा ।
७) मुहान दर्ता सम्बन्धमा ।
८) सामुदायिक वन संरक्षण तथा वृक्षारोपण सम्बन्धमा ।
९) विविध छलफल सम्बन्धमा।

## २०८० श्रावण २१ गते बसेको पहिलो गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १ | आ.व. २०७९/०८० को कार्य प्रगतिको समिक्षा सम्बन्धमा । | आ.व. २०७९।०८० को कार्य प्रगतिको समिक्षा गरी थप सुधारका लागि आवश्यक निर्देशन गर्नुपर्ने भई प्रमुख प्रशासकीय अधिकृत श्री दिनेश पौडेलले पेश गर्नु भएको आ.व. २०७९।०८० को वित्तिय तथा भौतिक प्रगति र सो संग सम्वन्धित क्रियाकलापको विषय संलग्न संक्षिप्त प्रतिवेदन उपर समिक्षा भई चालु आ.व. २०८०।०८१ मा थप प्रगति हाँसिल गर्न निम्नानुसार गर्ने गराउने निर्णय गरियो ।<br>क) चालु खर्चलाई संभाव्य न्यूनीकरण गर्ने र पूँजिगत खर्चलाई वढवा दिंदै त्यस्तो खर्चको आर्थिक सामाजिक लाभलाई अधिक तुल्याउन प्रयास गर्ने ।<br>ख) गाउँपालिकाका विकास सम्बन्धी योजना तथा कार्यक्रम सञ्चालन गर्दा श्रममूलक प्रविधि र प्रणालीलाई प्राथमिकता दिनुका साथै स्थानीय उत्पादन, सीप, पूँजी र प्रविधिको प्रयोगमा प्राथमिकता दिने ।<br>ग) जनप्रतिनिधि र कर्मचारीको क्षमता विकासमा जोड दिने गरी आ.व. २०८०।०८१ मा कार्यक्रम सञ्चालन गर्ने ।<br>घ) कार्यसम्पादन करार पद्धतिलाई निरन्तरता दिंदै नतिजामा आधारित प्रोत्साहन प्रणाली अवलम्वन गर्ने ।<br>ङ) गाउँपालिकामा र मातहतका सवै निकायमा हुने खरिदलाई पूर्णत : प्रतिस्पर्धी बनाउदै खरिद इकाइ मार्फत जिन्सी शाखाबाट खरिद गर्ने गरी एकद्वार खरिद प्रणाली अवलम्वन गर्ने ।<br>च) गाउँपालिका सवै वडा र स्वास्थ्य संस्था लगायतका सवै निकायमा अद्यावधिक डिजिटल सेवा वडापत्रको व्यवस्था गर्ने ।<br>छ) सवै सम्पत्ती (खर्च भएर नजाने)लाई अनिवार्य संकेतीकरण गर्ने ।<br>ज) विद्युतीय हाजिरी प्रणालीलाई सवै निकायमा क्रमश लागु गर्दै लैजाने ।<br>झ) सवै योजना तथा कार्यक्रम सम्पन्न भए पश्चात भएको खर्च विवरणको सार्वजनिक सुनुवाई र स्वत : प्रकाशन गर्ने ।<br>ञ) पूर्वाधार विकास सम्बन्धी योजना छनौट गर्दा जग्गा प्राप्तिको सुनिश्चितता भएको योजना मात्र छनौट गर्ने र ठेक्का प्रकृयालाई पहिलो त्रैमासिक अवधिमै सुचारु गर्ने । | | |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी

| | | | | |
|---|---|---|---|---|
| | | ट) उपभोक्ता समिति मार्फत सञ्चालन गरिने योजनाहरुलाई आवश्यक रीत पूरा गरी कार्तिक मसान्त सम्म संझौता सम्पन्न गरी सक्ने चैत्र मसान्तसम्म योजना सम्पन्न गर्ने गरी तदारुकताका साथ काम अघि बढाउने ।<br>ठ) महालेखा परीक्षणबाट औल्याईएको वेरुजु फछ्यौंटको लागि कार्यपालिकाले विशेष पहल गर्ने ।<br>ड) गाउँपालिकाको योजना अनुगमन सम्बन्धी कार्यलाई वस्तुनिष्ट, थप प्राविधिक र प्रभावकारी तुल्याउने ।<br>ढ) पालिकाको संस्थागत क्षमता (Institutional capacity) लाई सुदृढीकरण गर्न आवश्यक देखिन्छ । सोको लागि प्रतिवेदन र अभिलेखीकरण प्रणालीलाई वैज्ञानिक वनाउने । | | |
| २ | दोश्रो पञ्चवर्षिय योजना निर्माण सम्बन्धमा । | दोश्रो पञ्चवर्षिय योजना निर्माण गर्न आवश्यक देखिएको । | सुनिलस्मृति गाउँपालिकाको "प्रथम पञ्चवर्षीय आवधिक योजना" आ.व. २०७६/०७७-२०८०/०८१ कार्यान्वयन भैसकेको हुदाँ "दोश्रो पञ्चवर्षिय योजन" निर्माण गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ३ | नदिजन्य पदार्थ उत्खनन् सम्बन्धमा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) गर्ने सम्बन्धमा । | नदिजन्य पदार्थ उत्खनन् सम्बन्धमा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) गर्नुपर्ने । | नदिजन्य पदार्थको ठेक्का वन्दोवस्ति गर्नु पूर्व EIA गर्नुपर्ने भएकोले सोको लागि सार्वजनिक खरिद्र ऐन, २०६३ अनुसार प्रकृया अगाडि वढाउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ४ | मध्यकालिन खर्च संरचना (MTEF) तयार गर्ने कार्यक्रम स्वीकृत सम्बन्धमा । | योजना वद्ध विकास र योजना वैंक -सञ्चालनका लागि वहु वर्षिय खर्च व्यवस्थापन (MTEF) तयार गर्नुपर्ने देखिएको । | MTEF तयार गर्न परामर्श सेवा र खर्च शिर्षकबाट खर्च गरी सेवा खरिद प्रकृया अगाडि वढाउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ५ | घरजग्गा अभिलेखिकरणको बाधा अड्काउ फुकाउ सम्बन्धमा । | घरजग्गा अभिलेखिकरणको बाधा अड्काउ फुकाउ गर्न आवश्यक रहेको । | रुइनिबाङ र सुलिचौर बजार क्षेत्रमा एउटा व्यक्तिको घरजग्गा अर्को व्यक्तिको जग्गमा Overlap भएको देखिएले अभिलेखिकरण कार्यमा समस्या भएको हुदाँ दुवै पक्षको लिखित संझौताका आधारमा अभिलेखीकरण कार्य गर्ने र घरजग्गा अभिलेखिकरणको निवेदन पेश गर्ने अवधि २०८० पौष मसान्तसम्म कायम गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

मणिराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ६ | स्थानीय पाठ्यक्रम स्वीकृत सम्बन्धमा । | गाउँपालिकाले तयार गरि कार्यपालिका[illegible] गरेको स्थानीय पाठ्यक्रम स्वीकृत गर्न आवश्यक रहेको । | [illegible] पाठ्यक्रम निर्माण सम्बन्धी गाउँपालिकामा स्थानीय पाठ्यक्रम निर्माण मुल समितिबाट विभिन्न चरणमा छलफल भई तयार गरि मिति २०८०।०३।१७ गते आइतवारका दिन बसेको स्थानीय पाठ्यक्रम निर्माण मुल समितिबाट स्वीकृतका लागि कार्यपालिकामा पेश गर्ने भनि सिफारिस भएको निर्णयलाई अनुमोदन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ७ | मुहान दर्ता सम्बन्धमा । | दर्ता तथा जलश्रोत उपयोग अनुमति प्रमाण-पत्र प्रदान गर्न आवश्यक रहेको । | सुनिलस्मृति गाउँपालिकाको स्थानीय गाउँजलश्रोत समितिको मिति २०८०/०४/१७ गतेको निर्णय तथा सिफारिस अनुसार जलश्रोत उपयोग अनुमति प्रमाणपत्र उपलब्ध गराउन सिफारिस गरिएको "विवेगौडा खानेपानी योजना उपभोक्ता समिति"लाई दर्ता तथा जलश्रोत उपयोग अनुमति प्रमाण-पत्र प्रदान गर्न आवश्यक देखिएकोले सोही अनुसारका जलश्रोत उपभोक्ता समितिलाई प्रमाण-पत्र उपलब्ध गराउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ८ | सामुदायिक वन संरक्षण तथा वृक्षारोपण सम्बन्धमा । | सामुदायिक वन संरक्षण तथा वृक्षारोपण गर्न आवश्यक देखिएको । | सामुदायिक वनहरुको संरक्षण गर्न आवश्यक भएको हुदाँ सवै वडाहरुमा आवश्यक रहेका स्थानहरुमा वृक्षारोपण गर्ने र चिउरी जातका विरुवाहरु कटान गर्नलाई पूर्ण रुपमा रोक लगाउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ९ | विविध छलफल सम्बन्धमा। | प्रस्ताव भित्र नपरेका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको ।<br>क) करार सेवामा कार्यरत कर्मचारीहरुको करार म्याद थप सम्बन्धमा । | क) आ.व. २०७९।०८० का लागि सेवा करार संझौता भई कामकाज गरेका सबै सेवा र समूहका कर्मचारीहरुको का.स.मू. भई गाउँ कार्यपालिकाको कार्यालयबाट का.स.मू.का आधारमा सेवा करार संझौता नविकरण तथा थप गर्ने गरि मिति २०८०।०४।१४ मा भएको निर्णयलाई स्वीकृत गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | ख) झोलुङ्गे पुल हेरालुलाई पारिश्रमिक तथा तालिम प्रदान सम्बन्धमा । | ख) गाउँपालिका भित्र रहेका झोलुङ्गे पुलहरुको संरक्षणका लागि सबै झोलुङ्गे पुलहरुको संरक्षक /संरक्षिकाहरु वडाहरुले छनौट गरी नियुक्तिका लागि गाउँपालिकामा सिफारिस गर्ने र नियुक्ति भएका संरक्षक/संरक्षिकाहरुलाई नियमित मर्मतका लागि तत्काल गाउँपालिकाले तालिमको आयोजना गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | ग) गाउँपालिकाको दररेट निर्धारण सम्बन्धमा । | ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३. अनुसार गाउँपालिकाकाबाट आफ्नो क्षेत्रभित्र सञ्चालन हुने सार्वजनिक निर्माण, मालसामान, परामर्श सेवा तथा अन्य सेवा खरिद गर्दा निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय दररेट कायम गर्नु पर्ने भएकोमा जिल्ला दररेट निर्धारण समिति, रोल्पाबाट आ.व. २०८०/०८१ का लागि कायम गरेको दररेटलाई स्वीकृत गरी लागु गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष